लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ३, अंक १४, २०७६ पौष (Year 3, Issue 14, Dec-2019/Jan 2020)

लेखापरीक्षण गुणस्तर सम्बन्धी कार्यशाला गोष्ठी



गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी एसोसाई सेमिनारको समुद्घाटन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरूको संगठन (एसोसाई) तथा महालेखापरीक्षकको कार्यालयको संयुक्त आयोजनामा गुणस्तर नियन्त्रण तथा आश्वस्तता सम्बन्धी सेमिनार (ASOSAI Seminar on Quality Control/Quality Assurance) २०७६ मंसिर १६ देखि २० सम्म काठमाडौँमा सम्पन्न भएको छ । सेमिनारको समुद्घाटन र समापन माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूबाट भएको थियो । सर्वोच्च लेखापरीक्षण संस्थाहरूको लेखापरीक्षण प्रणालीमा गुणस्तर नियन्त्रण तथा आश्वस्तता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित उक्त सेमिनारमा एसिया महादेशबाट विभिन्न २४ देशका सर्वोच्च लेखापरीक्षण संस्थाका २७ जना प्रतिनिधिहरूको सहभागिता थियो ।

उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण कार्यमा गुणस्तरको विषयलाई प्राथमिकतामा राखी सर्वोच्च लेखापरीक्षण संस्थाहरूले कार्यसम्पादन गर्नुपर्ने बताउनुभयो । सो क्रममा उहाँले गुणस्तरीय नतिजाबाट सर्वोच्च लेखापरीक्षण संस्थाको विश्वसनीयता कायम

क्रमशः पेज ८ मा

यसभित्र .....

क्र.सं.	विषय	पेज नं.
१	लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न	३
२	प्रदेश समन्वय परिषद्को बैठकमा महालेखापरीक्षकज्यूको सहभागिता	४
३	लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न	५
४	लेखापरीक्षण प्रणाली पुनःसंरचना सम्बन्धी अन्तर्क्रिया सम्पन्न	९
५	महालेखा नियन्त्रकद्वारा एकीकृत वित्तीय विवरण पेश	१०
६	लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्विरहरू	११
७	काठमाडौँ उपत्यकास्थित स्थानीय तहका पदाधिकारीसँग छलफल	१९
८	अन्तर्राष्ट्रिय गतिविधि	२०

संरक्षक
माननीय महालेखापरीक्षक
श्री टंकमणि शर्मा, दंगाल

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री बाबुराम गौतम

सम्पादक मण्डल
संयोजक
श्री विष्णुप्रसाद रिजाल

सदस्य
श्री महेश पौड्याल
श्री मुकुन्द घिमिरे
श्री मल्लिका श्रेष्ठ
श्री माधव अधिकारी

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६२९५८
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

नोटिस बोर्ड नं
१६१८०१४२५३२७०

सम्पादकीय .....

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६ बमोजिम दोश्रो चरणको स्थलगत लेखापरीक्षण कार्य सम्पन्न भइसकेको छ भने तेश्रो तथा अन्तिम चरणको स्थलगत लेखापरीक्षणको लागि निर्देशनालयगत डोरहरू खटिइसकेका छन् । मुलुक संघीय संरचनामा प्रवेश गरेसँगै विकास निर्माण र सेवा प्रवाहमा प्रदेश सरकार तथा स्थानीय सरकारबाट प्रयोग भइरहेको सार्वजनिक स्रोतको आकार क्रमशः बढ्दै गइरहेको छ । त्यसैले बढ्दो स्रोत साधन र जिम्मेवारीसँगै त्यस्ता निकायमा वित्तीय उत्तरदायित्व बहन गर्ने/गराउने बिषय चुनौतीपूर्ण बन्न जाने देखिन्छ। त्यसैले प्रदेश र स्थानीय तहको शासकीय क्षमता अभिवृद्धि, विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता एवं सार्वजनिक श्रोत साधनको समुचित उपयोग मार्फत अधिकतम लाभ हासिल गर्ने सम्बन्धमा लेखापरीक्षणको क्षेत्र, उद्देश्य, पद्धति, आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र वित्तीय जोखिम न्यूनीकरण गर्न सरोकारवाला निकाय र पदाधिकारीसँग निरन्तर छलफल र अन्तर्क्रिया हुँदै आएको छ ।

यसै क्रममा माननीय महालेखापरीक्षकज्यू सहितका उच्च पदाधिकारीले प्रदेश नं. १, २, ५, बागमती र गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख, प्रदेश सभाका सभामुख, मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश लेखा समिति, स्थानीय तहका जनप्रतिनिधि तथा कार्यालय र लेखा प्रमुख लगायतका पदाधिकारीसँग लेखापरीक्षणका विविध विषयमा छलफल गर्नुभएको थियो । यसका अलावा माननीय

क्रमशः पेज ७ मा

माननीय महालेखापरीक्षकज्यूको सन्देश



महालेखापरीक्षकको स्वीकृत वार्षिक लेखापरीक्षण योजना अनुसार प्रथम र दोश्रो चरणको स्थलगत लेखापरीक्षण कार्य सम्पन्न भई हाल अन्तिम चरणको लेखापरीक्षणका लागि टोलीहरु खटिइसकेका छन् । संघ, प्रदेश र स्थानीय तह समेतको लेखापरीक्षण कार्य यही माघ मसान्त सम्ममा सम्पन्न गरी चैत्र मसान्तभित्र सम्माननीय राष्ट्रपतिज्यूसमक्ष प्रतिवेदन पेश गर्ने कार्यक्रम रहेको छ ।

यस क्रममा लेखापरीक्षणका विविध विषयमा छलफल गर्न संघ, प्रदेश र स्थानीय तहका विभिन्न पदाधिकारीहरुसँग छुट्टा छुट्टै छलफल, अन्तर्क्रिया तथा बैठकहरु सम्पन्न गरिएको छ । त्यस्तै प्रदेश नं. १ र २ ले आयोजना गरेको प्रदेश समन्वय परिषद्को बैठकमा सहभागी भई वित्तीय व्यवस्थापन तथा लेखापरीक्षणका समग्र विषयबारे जानकारी गराउने तथा सहभागीबाट प्राप्त जिज्ञासाहरुको समेत सम्बोधन गर्ने प्रयत्न गरिएको छ ।

सरोकारवालासँग भएका उल्लेखित छलफल, अन्तर्क्रिया तथा बैठकबाट महालेखापरीक्षकको कार्यालयको कार्य सम्पादनमा देखिएका समस्या र चुनौतिहरु, लेखापरीक्षण सम्बन्धमा सरोकारवाला निकाय/पदाधिकारीको धारणा तथा भविष्यमा गर्नुपर्ने सुधारका क्षेत्रहरुबारे महत्वपूर्ण सुझावहरु समेत प्राप्त हुन आएका छन् । प्राप्त सुझावहरु महालेखापरीक्षकको कार्यसम्पादन र वित्तीय अनुशासन कायम गर्न गराउन सहयोगी हुनेछन् ।

अन्तर्क्रियाको सिलसिलामा खास गरी स्थानीय तहका पदाधिकारीहरुले कार्यस्थलमा नै परीक्षणको माग गरेका छन । महालेखापरीक्षक संघ, प्रदेश र स्थानीय तहको साझा लेखापरीक्षक भएकोले उहाँहरुको माग र गुनासो जायज रहेको छ । पूर्णरुपमा सूचना प्रविधिमा आधारित प्रणाली लागू नभएसम्म कार्यस्थलमा नै टोली खटाई परीक्षण गर्ने कार्यालयको नीति रहेको छ । तर हाल कार्यालयको क्षमता, जनशक्ति तथा लेखापरीक्षण गर्ने निकायको संख्या लगायतका कारण केही जिल्लाका केही स्थानीय तहहरुको जिल्ला सदरमुकाम वा पायक पर्ने स्थानमा केन्द्र तोकी श्रेस्ता सङ्कलन गरी परीक्षण गर्ने नीति लिइएको थियो ।

यसबाट श्रेस्ता बोकी अन्यत्र केन्द्रसम्म लैजानका लागि स्थानीय तहहरुले असहज महसुस गरेको र कार्यस्थलमा नै लेखापरीक्षण गरिदिन माग रहेकोले लेखापरीक्षण गर्न बाँकी रहेका स्थानीय तहहरुको कार्यस्थलमा नै परीक्षण गर्ने व्यवस्था मिलाइएको छ। आगामी दिनमा समेत स्थानीय तहको परीक्षणको लागि कार्यस्थलमा नै लेखापरीक्षक खटाइने नीति लिइने छ । त्यसैगरी लेखापरीक्षणमा एकरुपता कायम गर्नका लागि हाल

क्रमशः पेज ९ मा

लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न

२६ मंसिर, २०७६

महालेखापरीक्षकको कार्यालय र International Budget Partnership (IBP) को संयुक्त आयोजनामा लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि (Advancing Audit Accountabilty: How Can We Strengthen Responsiveness and Action ?) विषयक दुई दिने कार्यशाला गोष्ठी २०७६ मंसिर २५ र २६ गते काठमाडौँमा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सर्वोच्च लेखापरीक्षण संस्थाले गर्ने लेखापरीक्षण कार्यको प्रभावकारिता अभिवृद्धि तथा लेखापरीक्षण प्रतिवेदनले औँल्याएका सुझावको कार्यान्वयनमा सरोकारवालाको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले भूकम्प पश्चात् पुनर्निर्माण कार्यको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा तथा सुझावका सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।



लेखापरीक्षण जवाफदेहिता अभिवृद्धि सम्बन्धी कार्यशाला गोष्ठीलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

कार्यक्रममा नेपाल लगायत घाना, सियरालियोन, तान्जानिया, मेक्सिको र अर्जेन्टिना गरी ६ देशका सर्वोच्च लेखापरीक्षण संस्था, नागरिक समाज, सञ्चार माध्यमका प्रतिनिधि समेत गरी ६० जनाको सहभागिता रहेको थियो । त्यसैगरी महालेखा नियन्त्रक श्री गोपीनाथ मैनाली, संघीय संसद, प्रतिनिधि सभा अन्तर्गत सार्वजनिक लेखा समिति सचिव डा. रोजनाथ पाण्डे, अर्थ समिति सचिव श्री सुरेन्द्र अर्याल, विश्व बैंकका MDTF Manager Franck Bessette, International Budget Partnership sf Senior Program Officer Claire Schouten, Asian Development Bank, United State's Agency for International Development (USAID), Japan International Cooperation Agency (JICA), GIZ, Freedom Forum लगायतका संस्थाका प्रतिनिधिको समेत उपस्थिति रहेको थियो ।

सो क्रममा विभिन्न देशका प्रतिनिधिले आफ्नो देशमा नागरिक सहभागितामूलक लेखापरीक्षण र प्रतिवेदन कार्यान्वयनको अवस्था तथा चुनौतीबारे प्रस्तुतीकरण गरेका थिए । International Budget Partnership का Senior Program Officer Schouten ले महालेखापरीक्षकको कार्यालयसँग सहकार्य गर्ने अवसर प्रदान गर्नुभएकोमा खुशी व्यक्त गर्दै माननीय महालेखापरीक्षकज्यू तथा कार्यालय परिवारलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।


माननीय महालेखापरीक्षकज्यूसँग कार्यशाला गोष्ठीमा विभिन्न देशका प्रतिनिधिहरु ।

प्रदेश समन्वय परिषद्को बैठकमा महालेखापरीक्षकज्यूको सहभागिता



प्रदेश नं. २ को बर्दिवासमा आयोजित प्रदेश समन्वय परिषद्को बैठकमा माननीय महालेखापरीक्षकज्यू ।

२९ पौष, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल प्रदेश नं.२ को बर्दिवासमा पौष २७ र प्रदेश नं. १ को विराटनगरमा पौष २९ गते आयोजित प्रदेश समन्वय परिषद्को बैठकमा सहभागी हुनुभयो ।

प्रदेश नं.२ का माननीय मुख्यमन्त्री एवं प्रदेश समन्वय परिषद् संयोजक श्री लालबाबु राउत र प्रदेश नं. १ का माननीय मुख्यमन्त्री एवं प्रदेश समन्वय परिषद् संयोजक श्री शेरधन राईको अध्यक्षतामा सम्पन्न भएका छुट्टाछुट्टै बैठकहरूमा सम्बन्धित प्रदेश सरकारका मन्त्रीहरू, प्रमुख सचिव एवं सचिवहरू, प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहका प्रमुख, उप-प्रमुख लगायतका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

प्रदेश नं २ प्रदेश समन्वय परिषदको बैठकलाई सम्बोधन गर्नुहुँदै माननीय मुख्यमन्त्री श्री लालबाबु राउतले प्रदेश विकासका लागि प्रदेश सरकार एंव स्थानीय तहबीच समन्वय, सहकार्य र साझेदारीको आवश्यकता औंल्याउनु भयो । बैठकमा मुख्यमन्त्री श्री राउतले अहिले संघीयता कार्यान्वयनको चरणमा रहेकाले जनतामा वितृष्णा बढ्ने कार्य कतैबाट हुन नहुने तर्फ सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदै प्रदेश तथा स्थानीय सरकारका कार्यहरू पारदर्शी र जवाफदेही हुनुपर्नेमा जोड दिनुभयो ।

त्यसैगरी प्रदेश नं १ को विराटनगरमा सञ्चालित प्रदेश समन्वय परिषदको तेस्रो बैठकमा प्रदेश नं. १ का माननीय मुख्यमन्त्री तथा प्रदेश समन्वय परिषदका अध्यक्ष श्री शेरधन राईले बेथिति बढ्दै गएमा सिङ्गो संघीय प्रणालीमा असरपर्दछ । त्यसैले तिन तहबीच समन्वय र सहकार्य गर्दै जनप्रतिनिधिहरू अगाडी बढ्नु पर्दछ । हामीले गरिरहेको काम-कारबाही प्रति महालेखापरीक्षकको कार्यालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जाँच, मूल्याङ्कन र निगरानी गरिरहेकाले यसप्रति पर्याप्त सजगता एवं गम्भीरता अपनाउन जोड दिनुभयो । सो कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. पुष्पराज कँडेलले स्थानीय तहहरूले पर्याप्त योजनाबिना नै विकास निर्माणका कार्यहरू अगाडि बढाएको देखिएकाले यस्तो प्रवृत्तिमा सुधार हुनुपर्ने उल्लेख गर्नुभयो ।

उल्लेखित दुवै बैठकहरूमा माननीय महालेखापरीक्षकज्यूले संघीय व्यवस्थाअन्तर्गत तीनवटै सरकारबीच सहकार्य, समन्वय र सह-अस्तित्वमैत्री वातावरण बनाउँदै योजनाबद्ध तरिकाले दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने तर्फसम्बन्धित निकायका कार्यहरूनिर्देशित हुनुपर्ने बताउनु भयो । सो क्रममा उहाँले सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त र विश्वसनीय बनाउँदै सार्वजनिक स्रोतको अधिकतम् परिचालन र सदुपयोगबाट

विकासका आधारभूत लक्ष्य प्राप्तिमा सबैको सामूहिक प्रयत्न र जिम्मेवारी रहनुपर्ने उल्लेख गर्नुभयो । त्यसैगरी उहाँले प्रदेश सरकार र स्थानीय तहका काम-कारबाहीमा आर्थिक अनुशासन, पारदर्शिता र वित्तीय जवाफदेहिताको सुनिश्चितता हुनुपर्ने बताउनु भयो ।

उप-महालेखापरीक्षक श्री ईश्वर नेपालले महालेखापरीक्षक सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था, विगतको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरू, बेरुजू न्यूनीकरणको लागि सुझाव एवं लेखापरीक्षणको क्षेत्रमा भएका सुधारहरूको सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो । उल्लेखित कार्यक्रमहरूमा सहभागीले राखेका विभिन्न जिज्ञासा उपर माननीय महालेखापरीक्षकज्यूले आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।

लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न



बागमती प्रदेशको हेटौंडामा आयोजित लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रमका सहभागीहरू ।

पौष, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा प्रदेश नं. १, २, ५, बागमती र गण्डकी प्रदेश तथा सिन्धुली जिल्लामा लेखापरीक्षण सम्बन्धी छुट्टाछुट्टै अन्तर्क्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमहरूमा प्रदेश सदरमुकाम रहेका जिल्लाका स्थानीय तहका जनप्रतिनिधि लगायत संघ, प्रदेश र स्थानीय तहका कार्यालय र लेखाप्रमुखको सहभागिता रहेको थियो । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले संघीय, प्रदेश र स्थानीय तहको लेखापरीक्षण सम्बन्धी संवैधानिक र कानुनी व्यवस्था, प्रतिवेदन प्रणाली, वित्तीय जवाफदेहिता लगायतका विषयमा मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा लेखापरीक्षणको क्षेत्र, उद्देश्य, पद्धति, आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व र वित्तीय जोखिम न्यूनीकरण सम्बन्धमा कार्यालयका उप-महालेखापरीक्षकहरूले प्रस्तुतीकरण गर्नुभएको थियो । सो क्रममा लेखा, लेखापरीक्षण, बेरुजू, सम्परीक्षणका विविध विषयमा सहभागीले आफ्नो जिज्ञासा राखेका थिए । कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले सहभागीको तर्फबाट प्रस्तुत जिज्ञासाको सम्बोधन गर्दै जिल्लामा भइरहेको स्थलगत लेखापरीक्षण कार्यमा सम्बन्धित सबैको सहयोगको अपेक्षा गर्नुभयो ।

अन्तर्क्रिया कार्यक्रमसँगै माननीय महालेखापरीक्षकज्यूले सम्बन्धित प्रदेशका माननीय प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश सभाका सभामुख, प्रदेश लेखा समितिका सभापति एवं सदस्य लगायतका पदाधिकारीसँग समेत भेटघाट गर्नुभएको थियो । भेटका अवसरमा प्रदेशको कार्यसम्पादन अवस्था, विद्यमान समस्या र लेखापरीक्षणका विविध विषयमा छलफल भएको थियो ।

महालेखापरीक्षकको कार्यालयको आयोजनामा २०७६ मंसिर र पौष महिनामा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा देहाय बमोजिम लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रमहरु सम्पन्न भएका छन् :

प्रदेश नं. १, विराटनगर, मोरङ्ग, मिति २०७६।०८।१२ र १३

क्र.सं.	सहभागी पदाधिकारी
१.	माननीय प्रदेश प्रमुख श्री सोमनाथ अधिकारी 'प्यासी' सहितका पदाधिकारीहरु ।
२.	माननीय मुख्यमन्त्री श्री शेरधन राई, आर्थिक मामिला तथा योजना मन्त्री श्री इन्द्र बहादुर आङ्बो, सामाजिक विकास मन्त्री श्री जीवन घिमिरे, प्रमुख सचिव श्री सुरेश अधिकारी, विभिन्न मन्त्रालयका सचिव तथा लेखा प्रमुखहरु ।
३.	प्रदेशसभा सभामुख श्री प्रदीप कुमार भट्टराई, उपसभामुख श्री सरस्वती पोखरेल, प्रदेश सार्वजनिक लेखा समितिका सभापति श्री शिवनारायण गनगाई, प्रदेश अर्थ समितिका सभापति श्री मोहन कुमार खड्का र प्रदेश सभा सदस्यहरु ।
४.	जिल्ला समन्वय समिति प्रमुख श्री नरेश पोखरेल, उपप्रमुख श्री प्रकाश शाह, जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा लेखा प्रमुखहरु ।
५.	प्रमुख जिल्ला अधिकारी श्री मदन भुजेल, प्रमुख कोष नियन्त्रक श्री किशोर बराल, जिल्लास्थित संघीय कार्यालयका प्रमुख र लेखा प्रमुखहहरु ।

प्रदेश नं. २, जनकपुरधाम, धनुषा, मिति २०७६।०८।१० र ११

क्र.सं.	सहभागी पदाधिकारी
६.	माननीय प्रदेश प्रमुख श्री तिलक परियार सहितका पदाधिकारीहरु ।
७.	माननीय मुख्यमन्त्री श्री लालबाबु राउत, भौतिक पूर्वाधार विकास मन्त्री श्री जितेन्द्र सोनाल, आन्तरिक मामिला तथा कानून मन्त्री श्री ज्ञानेन्द्रकुमार यादव, विभिन्न मन्त्रालयका मन्त्री, प्रदेश प्रमुख सचिव श्री रामकृष्ण सुबेदी, विभिन्न मन्त्रालयका सचिवहरु ।
८.	माननीय सभामुख श्री सरोज कुमार यादव, उप सभामुख श्री उपमा कुमारी देव र प्रदेश सभा सदस्यहरु ।
९.	जिल्ला समन्वय समिति प्रमुख श्री राम वनरैत यादव, उपप्रमुख श्री दीपक कुमार झा, जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, लेखा प्रमुखहरु ।
१०.	प्रमुख जिल्ला अधिकारी श्री प्रदीपराज कँडेल, प्रमुख कोष नियन्त्रक डा. वीरेन्द्र कुमार मिश्र, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख र लेखा प्रमुखहरु ।

बागमती प्रदेश, हेटौँडा, मकवानपुर, मिति २०७६।०९।१७ र १८

क्र.सं.	सहभागी पदाधिकारी
११.	माननीय प्रदेश प्रमुख श्री विष्णुप्रसाद प्रसाईं सहितका पदाधिकारीहरु ।
१२.	माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल, प्रदेशस्थित विभिन्न मन्त्रालयका मन्त्रीहरु, प्रदेश प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिवहरु ।
१३.	प्रदेश सभा माननीय सभामुख श्री सानुकुमार श्रेष्ठ, प्रदेश सार्वजनिक लेखा समितिका सभापति श्री न्हुच्छेमान श्रेष्ठ र सदस्यहरु ।
१४.	प्रदेश प्रमुख सचिव श्री तोयम राया, जिल्ला समन्वय समिति उपप्रमुख श्री भगवती बुढाथोकी, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख, स्थानीय तहका प्रमुख र लेखा प्रमुखहरु ।

गण्डकी प्रदेश, पोखरा, कास्की, मिति २०७६।०८।२३ र २४

क्र.सं.	सहभागी पदाधिकारी
१५.	माननीय प्रदेश प्रमुख श्री अमिक शेरचन सहितका पदाधिकारीहरु ।
१६.	माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङ्ग तथा प्रदेश मन्त्रीपरिषद्का सदस्यहरु ।
१७.	माननीय सभामुख श्री नेत्रनाथ अधिकारी, उपसभामुख श्री सृजना शर्मा, प्रदेश सार्वजनिक लेखा समितिका सभापति श्री कुमार खड्का लगायतका पदाधिकारी ।
१८.	प्रदेशस्थित संघीय कार्यालयका प्रमुख, लेखा प्रमुख, जिल्ला समन्वय समिति प्रमुख श्री बैनबहादुर क्षेत्री (अधिकारी), पोखरा महानगरपालिका प्रमुख श्री मानबहादुर जिसी, जिल्लास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखहरु ।

प्रदेश नं. ५, बुटबल, रुपन्देही, मिति २०७६।०९।१० र ११

क्र.सं.	सहभागी पदाधिकारी
१९.	माननीय मुख्यमन्त्री श्री शंकर पोखरेल, प्रदेशस्थित विभिन्न मन्त्रालयका मन्त्रीहरु, प्रदेश प्रमुख सचिव, प्रदेश मन्त्रालयका सचिवहरु ।
२०.	प्रदेश सभा सभामुख श्री पूर्णबहादुर घर्ती, प्रदेश सार्वजनिक लेखा समितिका सभापति र सदस्यहरु ।
२१.	प्रमुख जिल्ला अधिकारी श्री महादेव पन्थ, जिल्लास्थित संघीय कार्यालयका प्रमुख र लेखा प्रमुखहरु ।

बागमती प्रदेश, सिन्धुली, मिति २०७६।०९।२९

क्र.सं.	सहभागी पदाधिकारी
२२.	प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित संघीय र प्रदेश कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुख, स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखहरु ।
२३.	स्थानीय तहका प्रमुख, उपप्रमुख तथा अन्य जनप्रतिनिधिहरु ।

सम्पादकीय .....

महालेखापरीक्षकज्यू प्रदेश नं. १ र २ को प्रदेश समन्वय परिषद् बैठकमा सहभागी भई लेखापरीक्षण सम्बन्धमा कार्यालयको धारणा समेत व्यक्त गर्नुभएको थियो । यस प्रकृतिका निरन्तर छलफल तथा अन्तर्क्रिया कार्यक्रम मार्फत खर्च गर्ने सम्बन्धित पदाधिकारीलाई अझ बढी जिम्मेवार बनाई लेखापरीक्षण कार्यलाई थप गुणस्तरीय, विश्वसनीय र नतिजामुखी बनाउँदै वित्तीय सुशासन कायम गराउन टेवा पुग्ने अपेक्षा गरिएको छ ।

लेखापरीक्षण गुणस्तर सम्बन्धी .....



सेमिनारलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

गर्दै लेखापरीक्षण कार्यको प्रभावकारिता वृद्धि गर्न समेत सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो । त्यसैगरी उहाँले प्रभावकारी गुणस्तर नियन्त्रण तथा आश्वस्तता प्रणालीको अवलम्बनबाट पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । उद्घाटन कार्यक्रममा सहभागीलाई स्वागत गर्नुहुँदै उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वस्तताको प्रवर्द्धनका लागि सेमिनारबाट महत्वपूर्ण योगदान पुग्ने बताउनुभयो । सेमिनारमा INTOSAI Development Initiative का Senior Manager Mr. Karma Tenzin, ASOSAI का Capacity Development Administrator Mr. Takagai Sigehiro र महालेखापरीक्षकको कार्यालयका निर्देशक श्री चन्द्रकान्त भण्डारीले सहभागीहरूलाई गुणस्तर नियन्त्रण तथा आश्वस्तताको विविध विषय र असल अभ्यासका बारेमा सहजीकरण गर्नुभएको थियो ।

उक्त कार्यक्रमको समापन समारोहमा माननीय महालेखापरीक्षकज्यूले सहभागीलाई प्रमाणपत्र तथा मायाको चिनो प्रदान गर्नुभएको थियो ।



माननीय महालेखापरीक्षकज्यूसँग सेमिनारका सहभागीहरु ।

लेखापरीक्षण प्रणाली पुनःसंरचना सम्बन्धी अन्तर्क्रिया सम्पन्न



लेखापरीक्षण प्रणाली पुनःसंरचना सम्बन्धी अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

२४ पुष, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको उपस्थितिमा लेखापरीक्षण प्रणाली पुनःसंरचना सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा कार्यालयका सबै उपमहालेखापरीक्षक, नायब महालेखापरीक्षक लगायत अन्य पदाधिकारी तथा महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजनाको परामर्शदाताहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षणको विधिमा समयानुकूल परिमार्जन गरी प्रभावकारी, आधुनिक तथा परिस्कृत बनाउँदै लैजानुपर्ने बताउनुभयो । त्यसैगरी प्रदेश र स्थानीय तहको कामको दायरा फराकिलो हुँदै गइरहेको अवस्थामा यी निकायहरूको लेखापरीक्षणमा थप सजगता अपनाउनुपर्ने उल्लेख गर्दै लेखापरीक्षणका समग्र पक्षमा गरिने सुधार कार्यान्वयनयोग्य, जोखिममा आधारित र सूचना प्रविधिमैत्री हुनुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा आयोजनाको परामर्शदाता E & Y LLP का प्रतिनिधि श्री सञ्जोय कुमार गुप्ता, अन्तर्राष्ट्रिय लेखापरीक्षण व्यवस्थापन विज्ञ श्री के.पी. शशीधरण, लेखापरीक्षण व्यवस्थापन विज्ञ सि.ए. श्री भवनाथ दाहाल र सार्वजनिक लेखापरीक्षण तालिम विज्ञ सि.ए. श्री जगदीश भट्टराईले लेखापरीक्षण प्रणालीको पुनःसंरचना, सोको तरिका, प्रभाव र सोको लागि परियोजनाले खेल्ने भूमिका लगायतका विषयमा प्रस्तुतीकरण गरेका थिए ।

माननीय महालेखापरीक्षकज्यूको .....

संघ, प्रदेश र स्थानीय तहको लागि विषय तथा क्षेत्रगत छुट्टा छुट्टै लेखापरीक्षण टोली खटाउने व्यवस्था मिलाइएको छ ।

लेखापरीक्षणको अवधिमा सम्बद्ध पदाधिकारीहरुलाई पर्याप्त जानकारी नभएको भन्ने जिज्ञासाहरु समेत सरोकार वालाबाट व्यक्त भएको छ । यसको लागि लेखापरीक्षकहरुले परीक्षण गर्नुअघि प्रवेश बैठक र परीक्षण सम्पन्न भएपछि बहिर्गमन बैठकको आयोजना गर्नु पर्नेछ । बहिर्गमन बैठकमा लेखापरीक्षणको नतिजाको जानकारी अनिवार्य रुपमा गर्नु गराउनु पर्नेछ । उक्त बैठकमा कार्यालय प्रमुख, लेखा प्रमुख लगायत कार्यालयका उच्चपदस्थ कर्मचारी र स्थानीय तहको हकमा प्रमुख, अध्यक्ष लगायतका पदाधिकारीहरुलाई समेत जानकारी गराउनु पर्नेछ । लेखापरीक्षकहरुले परीक्षणको सिलसिलामा पेशागत मर्यादा तथा आचरणप्रति पूर्ण सजग रही कुनै पनि प्रकारको व्यक्तिगत वा संस्थागत गुनासो नआउने गरी कार्य सम्पन्न गर्नु हुनेछ ।

लेखापरीक्षण कार्यमा सुधारका लागि सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यास समेतलाई मध्यनजर गर्दै जोखिम र छनौटमा आधारित भई सूचना प्रविधिमैत्री पद्धतिको अवलम्बन गर्नुपर्ने देखिएको छ । यसको लागि हाल सूचना प्रविधिमा आधारित भई जोखिम छनौटको पद्धति विकास गर्ने तर्फ विज्ञ विशेषज्ञहरु मार्फत कार्य भइरहेको छ । जसबाट आगामी दिनमा अत्यावश्यक विषय बाहेक प्रत्येक निकायमा लेखापरीक्षकको भौतिक उपस्थिति बेगर नै लेखापरीक्षण कार्य सञ्चालन गर्न सकिने छ ।

त्यसैगरी गुणस्तरीय लेखापरीक्षण नतिजा कायम गरी पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्द्धन मार्फत् महालेखापरीक्षकप्रतिको जनविश्वास कायम हुने गरी आफ्ना क्रियाकलापहरु निर्देशित गर्न लेखापरीक्षण कार्यमा संलग्न सम्पूर्ण कर्मचारीहरुको पुनः ध्यानाकर्षण गराउन चाहन्छु । जसबाट सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने तथा मुलुकी वित्तीय अनुशासन कायम गर्ने दिशामा सार्वजनिक लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहने अपेक्षा गरेको छु ।

महालेखा नियन्त्रकद्वारा एकीकृत वित्तीय विवरण पेश



माननीय महालेखापरीक्षकज्यू समक्ष एकीकृत वित्तीय विवरण पेश गर्नुहुँदै महालेखा नियन्त्रक श्री गोपीनाथ मैनाली ।

१ मंसिर, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूसमक्ष महालेखा नियन्त्रक श्री गोपीनाथ मैनालीले आर्थिक वर्ष २०७५/७६ को एकीकृत वार्षिक वित्तीय विवरण पेश गर्नुभयो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ मा महालेखा नियन्त्रक कार्यालयले तोकिएको अवधिभित्र प्रत्येक आर्थिक वर्षको संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजश्व, धरौटी तथा अन्य कोषहरू सहितको केन्द्रिय लेखाको एकीकृत वित्तीय विवरण महालेखापरीक्षक कार्यालय समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले समयमै एकीकृत वित्तीय विवरण पेश गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । उहाँले सञ्चित कोषको वार्षिक मौज्दात ऋणात्मक हुनु, वित्तीय प्रणाली व्यवस्थित नहुनु, कतिपय निकाय, प्रादेशिक र स्थानीय तहको वित्तीय विवरण समयमै तयार नहुनु समस्याको विषय भएको बताउँदै एकीकृत आय-व्यय विवरणले तीनै सरकारको एकीकृत र समग्र आर्थिक अवस्थाको चित्रण गर्नुपर्ने कुरामा जोड दिँदै लेखा जनशक्ति, मनोवृत्ति र व्यवहारमा सुधार गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । साथै सरकारी प्रणालीबाट भन्दा बढी सार्वजनिक संस्थानबाट खर्च हुने गरेको र सो खर्चलाई कसरी केन्द्रीय विवरणमा समावेश गर्ने भन्ने विषयलाई महालेखा नियन्त्रक कार्यालयले ध्यान दिन सुझाव दिनुभयो ।

सो अवसरमा महालेखा नियन्त्रक श्री मैनालीले एकीकृत वित्तीय विवरणमा समावेश भएका प्रमुख व्यहोराहरूबारे माननीय महालेखापरीक्षकज्यूलाई जानकारी गराउनुभएको थियो । सो क्रममा उहाँले संघीयता कार्यान्वयन पश्चात् तीन वटै सरकारको एकीकृत प्रतिवेदन भएको तथा निर्दिष्ट समायवधि भन्दा अगावै माननीय महालेखापरीक्षकज्यू समक्ष पेश गरेको उल्लेख गर्नुभयो । यस अवधिमा माननीय महालेखापरीक्षकज्यूबाट प्राप्त सुझाव एवं सहयोगका लागि आभार व्यक्त गर्नुहुँदै नेपाल सरकारको लेखा नीतिमा आवश्यकता अनुसार परिमार्जन र सुधार गर्दै जाने बताउनुभयो । कार्यक्रममा उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक र सह-महालेखा नियन्त्रक सहितका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्बिरहरू

प्रदेश नं. १



प्रदेश नं. १ का माननीय प्रदेश प्रमुख श्री सोमनाथ अधिकारी 'प्यासी' र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राई र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



प्रदेश नं. १ को बिराटनगरमा आयोजित लेखापरीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम ।

प्रदेश नं. २



प्रदेश नं. २ का माननीय प्रदेश प्रमुख श्री तिलक परियार र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



प्रदेश नं. २ का माननीय मुख्यमन्त्री श्री लालबहादुर राउत र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



प्रदेश नं. २ का माननीय सभामुख श्री सरोजकुमार यादव र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।

बागमती प्रदेश



बागमती प्रदेशका माननीय प्रदेश प्रमुख श्री विष्णुप्रसाद प्रसाई र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



बागमती प्रदेशका माननीय मुख्यमन्त्री श्री डोरमणि पौडेल र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



बागमती प्रदेशको हेटौंडामा माननीय सभामुख श्री सानुकुमार श्रेष्ठ र माननीय महालेखापरीक्षकसहितका पदाधिकारीहरू ।



बागमती प्रदेशको हेटौंडामा आयोजित लेखापरीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम ।



बागमती प्रदेशको सिन्धुलीमा आयोजित लेखापरीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम पश्चात् सामुहिक तस्विर ।



बागमती प्रदेशको सिन्धुलीमा आयोजित लेखापरीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम ।

गण्डकी प्रदेश



गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुख श्री अमिक शेरचन र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री पृथ्वीसुब्बा गुरुङ र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू ।



गण्डकी प्रदेशको पोखरामा आयोजित लेखापरीक्षण अन्तर्क्रिया तथा छलफल कार्यक्रम ।

प्रदेश नं. ५



प्रदेश नं.५ का माननीय मुख्यमन्त्री श्री शंकर पोखेल र माननीय महालेखापरीक्षकज्यू।



प्रदेश नं.५ का माननीय सभामुख श्री पूर्णबहादुर घर्ती र माननीय महालेखापरीक्षक सहितका पदाधिकारीहरू।



प्रदेश नं. ५ को बुटवलमा आयोजित लेखापरीक्षण सम्बन्धी अन्तर्क्रिया कार्यक्रम।

कार्यमूलक लेखापरीक्षण सम्बन्धी छलफल

२९ कार्तिक, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा वार्षिक लेखापरीक्षण योजना, २०७६ बमोजिम कार्यमूलक लेखापरीक्षणका लागि छनोट भएका विभिन्न विषयमा सम्बन्धित निकायको प्रस्तुतीकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल, नायब महालेखापरीक्षक श्री श्रीकुमार राई लगायतका पदाधिकारीको उपस्थिति रहेको थियो ।



प्रस्तुतीकरण कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू लगायत उपस्थित पदाधिकारीहरू ।

सो अवसरमा कार्यमूलक लेखापरीक्षणका लागि छनोट भएका विषयहरू सडक आयोजना व्यवस्थापन, स्वास्थ्य तथा जनसंख्या सेवाको नियमन, खानेपानी आयोजना व्यवस्थापन, बागमती सफाई र सौन्दर्यकरण, विद्युत प्रसारण लाइन निर्माण, सञ्चालन र व्यवस्थापन, राष्ट्रिय खेलकूद परिषद्मा पूर्वाधारको अवस्था, शैक्षिक संस्थाको नियमन, जलस्रोत तथा सिंचाई आयोजना व्यवस्थापनमा भएका विकास, प्रगति, समस्या र चुनौतीका बारेमा सम्बन्धित निकायका प्रतिनिधिले प्रस्तुतीकरण गरेका थिए ।

प्रस्तुतीकरण पश्चात् माननीय महालेखापरीक्षकज्यूले आफ्नो मन्तव्य व्यक्त गर्दै नेपालमा आयोजना कार्यान्वयन असफल हुनुका कारणबारे विश्लेषण एवं सुझाव प्रस्तुत गर्ने उद्देश्यले उक्त विषयलाई कार्यालयले कार्यमूलक लेखापरीक्षणको लागि छनौट गरेको बताउनुभयो । सो क्रममा उहाँले आयोजना सञ्चालन र व्यवस्थापनमा देखिएका समस्याहरूको निराकरण गर्दै सार्वजनिक स्रोतको अधिकतम परिचालन र सदुपयोगमा सम्बन्धित पदाधिकारीहरूको ध्यानाकर्षण गराउनु भयो ।

महालेखापरीक्षक र दिगो विकास तथा सुशासन समितिका सभापतिबीच छलफल



माननीय महालेखापरीक्षकज्यूसँग दिगो विकास तथा सुशासन समितिका माननीय सभापति श्री तारादेवी भट्ट सहितका पदाधिकारीहरू ।

२८ कार्तिक, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू र संघीय संसद्, दिगो विकास समितिका माननीय सभापति श्री तारादेवी भट्टबीच महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल भएको छ। सो अवसरमा समितिका माननीय सदस्यहरू श्री दिनानाथ शर्मा, श्री चक्रप्रसाद स्नेही, कार्यालयका उप-महालेखापरीक्षक श्री रामुप्रसाद डोटेल लगायतका पदाधिकारीको समेत उपस्थिति रहेको थियो ।

सो क्रममा माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षक सम्बन्धी संवैधानिक व्यवस्था, कार्यालयको लेखापरीक्षण प्रक्रिया लगायतका विषयमा जानकारी दिनुहुँदै दिगो विकास लक्ष्यहरूको कार्यान्वयनमा सहयोग गरी आवश्यक सुझाव प्रदान गर्न यसको

समेत लेखापरीक्षण भइरहेको बताउनुभयो । साथै उहाँले आर्थिक अनुशासन र सुशासन प्रवर्द्धनका लागि समितिको सक्रियता अपरिहार्य रहेको औँल्याउनुभयो ।

त्यसैगरी समितिका सभापति श्री भट्टले समितिको परिचय र उद्देश्यका बारेमा प्रकाश पार्नुहुँदै दिगो विकासका लक्ष्यलाई स्थानीयकरण गर्न तथा आर्थिक अनुशासन कायम गराउन समितिले खेलेको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो । दिगो विकास लक्ष्य र सुशासन प्रवर्द्धनको विषयमा सातवटै प्रदेशका प्रदेशसभा सदस्यहरूसँग छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भइसकेको उहाँले बताउनुभयो । समितिका सदस्य तथा राष्ट्रिय सभाका माननीय सदस्य श्री दिनानाथ शर्माले दिगो विकास लक्ष्यको कार्यान्वयन, आर्थिक अनुशासन कायम गराउने विषयलाई समितिले प्राथमिकतामा राखेको बताउँदै महालेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित सुझाव कार्यान्वयनका लागि आफूहरूको पूर्ण सहयोग रहने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो ।

स्थलगत लेखापरीक्षणमा खटिने कर्मचारीलाई निर्देशन



लेखापरीक्षण टोलीलाई निर्देशन कार्यक्रममा माननीय महालेखापरीक्षक र उप-महालेखापरीक्षकहरू ।

१८ कार्तिक, २०७६

वार्षिक लेखापरीक्षण योजना, २०७६ बमोजिम आर्थिक वर्ष २०७५।७६ को दोश्रो चरणको स्थलगत लेखापरीक्षणको लागि खटिने टोलीलाई माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले निर्देशन दिनुभयो । कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षक, नायव महालेखापरीक्षक, निर्देशक लगायतका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले कार्यशैलीको मूल्याङ्कन, कार्य सन्तुष्टि, सरोकारवालाको लेखापरीक्षण सम्बन्धमा धारणा र समस्यालाई निराकरण गर्ने उपायका बारेमा लेखापरीक्षण टोलीलाई निर्देशनात्मक मन्तव्य दिनुभएको थियो । सो क्रममा उहाँले कार्यसम्पादनको शैलीमा सुधार गरेर आगामी दिनमा स्वचालित सूचना प्रणालीमा आधारित लेखापरीक्षण पद्धति अवलम्वन गर्नुपर्ने, आफूले गरिरहेको काम प्रेम एवं निष्ठापूर्वक गर्ने, कार्यस्थलमा उचित कार्य वातावरण निर्माण गर्ने, आफ्नो कामको सम्बन्धमा सरोकारवाला निकायहरूको राय के छ सो समेत विचार गरी आचरण र सदाचारयुक्त भई पेशागत मर्यादा र दक्षता कायम गर्न प्रयत्नशील रहनुपर्ने बताउनुभयो ।

सो अवसरमा बहुदाताकोषको सहयोगमा सञ्चालित महालेखापरीक्षकको कार्यालयको संस्थागत सुदृढीकरण आयोजनाको लागि छनौट भएको परामर्शदाता Ernst & Young, LLP ले सम्झौता मुताविक आफूले गर्ने कार्यहरूबारे प्रस्तुतीकरण गरेको थियो । आयोजना अवधिमा लेखापरीक्षण गुणस्तर सुधार गर्न लेखापरीक्षण मानदण्ड र मार्गदर्शन तयारी तथा परिमार्जन, लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग तथा कार्यमूलक लेखापरीक्षणमा सुधार एवं नागरिक समाजको सहभागिताको लागि मोबाइल एप्लिकेशन निमार्ण गर्ने कार्यहरू सम्पादन गरिने व्यहोरा जानकारी गराइएको थियो । परामर्शदाताको प्रस्तुतीकरण पश्चात् कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले सम्झौताको शर्तका अधीनमा रही समयमा नै व्यवहारिक, यर्थाथमा आधारित र परिणाममुखी कार्य सम्पादन गर्न परामर्शदातालाई निर्देशन दिनुभयो ।



कार्यक्रममा सहभागी कर्मचारीहरू ।

काठमाडौँ उपत्यकास्थित स्थानीय तहका पदाधिकारीसँग छलफल



काठमाडौँ उपत्यकास्थित स्थानीय तहका पदाधिकारीसँग छलफल गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू ।

६ कार्तिक, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा काठमाडौं उपत्यकास्थित स्थानीय तहका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन प्रमुख तथा महालेखापरीक्षकको कार्यालयका पदाधिकारीबीच आर्थिक वर्ष २०७५।७६ को स्थानीय तहको लेखापरीक्षण सम्बन्धमा छलफल सम्पन्न भयो ।

उक्त छलफलमा माननीय महालेखापरीक्षकज्यूले नेपालको संविधानले स्थानीय तहको लेखापरीक्षणको जिम्मेवारी महालेखापरीक्षकलाई तोकेको तथा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा लेखापरीक्षण हुने जानकारी गराउनुभयो । त्यसैगरी उहाँले सेवा प्रवाहको अवस्था, सार्वजनिक खरिद प्रक्रियाको परिपालना र आन्तरिक श्रोतको परिचालनको अवस्थालाई विशेष ध्यान दिई स्थानीय तहले कार्य सम्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा उपस्थित स्थानीय तहका पदाधिकारीहरूले कार्य सम्पादनका क्रममा आईपरेका समस्या, चुनौति, अनुभव एवं लेखापरीक्षण सम्बन्धी विभिन्न जिज्ञासाहरू माननीय महालेखापरीक्षकज्यूसमक्ष राख्नुभएको थियो । छलफलका क्रममा सहभागीहरूले कुनै कार्यालयमा कुनै एक विषयमा बेरुजु देखाइएको तर त्यही विषयमा अन्य कार्यालयमा बेरुजू नदेखाइएकोले बेरुजूमा एकरुपता नभएको, जनप्रतिनिधिमा प्राविधिक ज्ञानको अभाव हुँदा सम्पादित निर्माण कार्यको प्रभावकारी अनुगमन गर्न समस्या रहेको, रु.१ करोड सम्मको योजना उपभोक्ता समितिद्वारा गर्न सकिनेमा पनि ठेक्का लगाउनुपर्ने र उपभोक्ता समिति मार्फत कार्य गराउँदा पनि ठेकेदार मार्फत कार्य गर्ने प्रवृत्ति रहेको, निर्माण सामाग्रीहरूको जिल्ला दररेट बजार दररेट भन्दा कम रहेको जस्ता समस्याहरू अवगत गराउनुभएको थियो ।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका नगर प्रमुख श्री विद्यासुन्दर शाक्यले सार्वजनिक सम्पत्तिको सदुपयोगको सम्बन्धमा न्यायिक निकाय तथा नियमनकारी निकायहरूले समयमा फैसला एवं निर्णय नगर्दा समयमा कार्य सम्पन्न हुन नसकी वर्षेनि योजनाको लागत बढ्दै गएको र नागरिकको अपेक्षा अनुसार सेवा प्रवाहमा कठिनाई भएको उल्लेख गर्दै यस विषयलाई समेत लेखापरीक्षणको दायरामा ल्याउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रथम चरणको स्थलगत लेखापरीक्षणको प्रस्तुतीकरण

३ कार्तिक, २०७६

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूको समुपस्थितिमा प्रथम चरण अन्तर्गत २७ जिल्लाको स्थलगत लेखापरीक्षणमा खटिएका टोली प्रमुखले लेखापरीक्षणको क्रममा देखिएका प्रमुख व्यहोरा सम्बन्धमा प्रस्तुतीकरण गरेका थिए । सो कार्यक्रममा कार्यालयका उप-महालेखापरीक्षक, नायव-महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायतका पदाधिकारीको सहभागिता रहेको थियो ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण प्रणाली र प्रतिवेदनलाई गुणस्तरीय बनाउन सम्बन्धित सबैलाई निर्देशन दिनु भएको थियो । उहाँले प्रथम चरणको लेखापरीक्षण सम्पन्न गर्न खटिएको लेखापरीक्षण टोलीलाई धन्यवाद दिनुहुँदै यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरू आगामी दिनमा वार्षिक लेखापरीक्षण योजनाका लागि मार्गदर्शक हुने



प्रथम चरणको स्थलगत लेखापरीक्षणको प्रस्तुतीकरण कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू र लेखापरीक्षणमा खटिएका कर्मचारीहरू ।

बताउनुभयो। उक्त कार्यक्रममा टोली प्रमुखहरूले लेखापरीक्षणका प्रमुख व्यहोराका साथै यस क्रममम आइपरेका समस्या र समयमै गुणस्तरीय लेखापरीक्षण सम्पन्न गर्ने सम्बन्धमा आफ्नो सुझाव समेत प्रस्तुत गरेका थिए । कार्यक्रम कार्यालयको सभाकक्षमा असोज २७ देखि कार्तिक ३ गतेसम्म सञ्चालन भएको थियो ।

अन्तर्राष्ट्रिय गतिविधि

चीनमा आयोजित लेखापरीक्षण सम्बन्धी सेमिनारमा सहभागिता



सेमिनारमा सहभागी प्रतिनिधिहरू ।

जनवादी गणतन्त्र चीनको राष्ट्रिय लेखापरीक्षण कार्यालय (National Audit Office of China-CNAO) अन्तर्गतको तालिम केन्द्रको आयोजनामा २०१९ डिसेम्बर ५ देखि १८ सम्म नान्जिङ्गमा सञ्चालित Seminar on Government Financial Record and Audit System for Nepal कार्यक्रममा निर्देशक श्री घनश्याम पराजुली, निर्देशक श्री बुद्धिराज बसेल, लेखापरीक्षण अधिकारीहरू श्री ध्रुवप्रसाद न्यौपाने, श्री लुमविक्रम शाह र श्री गीता भट्टराई सहभागी हुनु भयो ।

उक्त सेमिनारमा सहभागीहरूलाई चीनको सामाजिक र आर्थिक विकासका पक्ष, सरकारी लेखापरीक्षण प्रणाली, वित्तीय लेखापरीक्षण, बजेट कार्यान्वयन लेखापरीक्षण, आर्थिक उत्तरदायित्व लेखापरीक्षण, बिग डाटा लेखापरीक्षण, आर्थिक लेखापरीक्षण, वातावरण लेखापरीक्षण, नीति कार्यान्वयन अवस्थाको सामयिक लेखापरीक्षण र वैदेशिक सहायताबाट सञ्चालित आयोजनाको लेखापरीक्षणका सैद्धान्तिक पक्ष तथा मामिला अध्ययनका सम्बन्धमा प्रशिक्षण दिइएको थियो ।

चीनमा आयोजित लेखामान निर्धारण तथा कार्यान्वयन सम्बन्धी कार्यक्रममा सहभागिता

जनवादी गणतन्त्र चीनको Xiamen मा ७ र ८ नोभेम्बर, २०१९ मा "The Belt and Road" National Accounting Standards Cooperation Forum विषयक कार्यक्रम सम्पन्न भयो । Accounting Regulatory Department of Ministry of Finance, China Accounting Standards Committee (CASC), The Xiamen National Accounting Institute (XNAI) ले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा यस कार्यालयका नायब महालेखापरीक्षक श्री महेश्वर काफ्लेले नेपाल लेखापरीक्षणमान बोर्डको तर्फबाट सहभागिता जनाउनु भएको थियो । कार्यक्रममा लेखापरीक्षणका समसामयिक तथा ज्वलन्त विषयहरूको पहिचान, उपयुक्त विषयलाई लेखापरीक्षणको दायरामा ल्याउने, सो सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने, सरोकारवालासँग छलफल गर्ने, लेखामान निर्धारण गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्ने, लेखामान कार्यान्वयन अवस्थाको अनुगमन गर्ने लगायतका विषयमा छलफल गरिएको थियो ।



लेखामान निर्धारण तथा कार्यान्वयन सम्बन्धी कार्यक्रमका सहभागीहरू ।

कार्यक्रममा नेपाल चार्टर्ड एकाउण्टेन्ट्स् संस्था, नेपाल लेखामान बोर्ड तथा नेपाल लेखापरीक्षणमान बोर्डका अन्य प्रतिनिधिहरूको नेपालका तर्फबाट सहभागिता रहेको थियो । नेपाल, चीन, न्यूजिल्याण्ड, रुस, पाकिस्तान लगायत विभिन्न ११ देशका प्रतिनिधिहरू उक्त कार्यक्रममा सहभागी थिए ।

बंगलादेशमा आयोजित क्षेत्रीय वित्तीय व्यवस्थापन फोरममा सहभागिता

एसियाली बिकास बैंकद्वारा ५ देखि ६ नोभेम्बर, २०१९ मा आयोजित क्षेत्रीय वित्तीय व्यवस्थापन फोरम कार्यक्रम बंगालादेशको ढाकामा सम्पन्न भएको छ । नेपाल, भारत, श्रीलंका, मालदिभ्स, भुटान र बंगलादेशका प्रतिनिधिहरू कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रममा नेपालको तर्फबाट कार्यालयका नायब-महालेखापरीक्षक श्री बैकुण्ठबहादुर अधिकारीले सहभागिता जनाउनु भएको थियो ।



क्षेत्रीय वित्तीय व्यवस्थापन फोरमका सहभागीहरू ।

दक्षिण एसियामा सार्वजनिक क्षेत्रको लेखा, वित्तीय प्रतिवेदन प्रणाली सुधार, सुशासन र चुनौतिहरूका लागि आधारभूत लेखाप्रणाली, पारदर्शिता र उत्तरदायित्व सुदृढ गर्न सर्वोच्च लेखापरीक्षण संस्थाको भूमिका, परियोजना कार्यान्वयनको क्रममा वित्तीय व्यवस्थापन, जोखिममा आधारित लेखापरीक्षण जस्ता विषयहरू सो कार्यक्रमका प्रमुख विषयवस्तु रहेका थिए ।

वित्तीय व्यवस्थापनसँग सम्बन्धित विभिन्न आठ शीर्षकमा प्रस्तुतीकरण भएको थियो । यसै क्रममा नायब-महालेखापरीक्षक श्री अधिकारीले जोखिममा आधारित लेखापरीक्षण तर्फको अग्रगमन (Transitioning to Risk Based Auditing) विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । एसियाली विकास बैंकले यस्ता कार्यक्रमहरूबाट वैदेशिक सहयोगमा सञ्चालित आयोजनाको लेखापरीक्षणमा क्षमता अभिवृद्धि, लेखापरीक्षण प्रतिवेदनले औंल्याएको सुझावहरूको कार्यान्वयनमा सबल अनुगमन कार्य गरी वित्तीय व्यवस्थापनमा सहयोग पुग्ने धारणा सहभागीहरूले व्यक्त गरेका थिए ।

चीनमा आयोजित गरिबी निवारण कार्यक्रमको लेखापरीक्षण गोष्ठीमा सहभागिता

चिनियाँ नेशनल अडिट अफिस र संघाई कोअपरेशनको आयोजनामा सन् २०१९ अक्टोबर २९ देखि ३१ सम्म चीनको बेइजिङ्मा गरिबी निवारण सम्बन्धी कार्यक्रममा लेखापरीक्षणको भूमिका विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको छ । विभिन्न देशका सर्वोच्च लेखापरीक्षण संस्थाहरूको सहभागिता रहेको उक्त गोष्ठीमा चीन, भारत, पाकिस्तान, नेपाल, मंगोलिया, कजाकिस्तान, किर्गिस्तान र अजरबैजानको सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो । कार्यक्रममा नेपालका तर्फबाट नायब-महालेखापरीक्षक श्री त्रिलोचन आचार्य सहभागी हुनुभएको थियो ।


कार्यक्रममा सहभागी नायब-महालेखापरीक्षक श्री त्रिलोचन आचार्य र विभिन्न देशका प्रतिनिधिहरू ।

उक्त कार्यक्रममा नायब महालेखापरीक्षक श्री आचार्यले नेपालमा गरिबी निवारण कार्यक्रममा नेपालको महालेखापरीक्षकको कार्यालयले खेलेको भूमिका, समस्या समाधानका लागि सुझावहरू र लेखापरीक्षणबाट भविष्यका लागि गनुपर्ने कार्यसम्बन्धी कार्यपत्र पेश गर्नुभएको थियो । चीनका उप-महालेखापरीक्षक किनवोयोडको प्रमुख आतिथ्यतामा सम्पन्न गोष्ठीबाट यस विषयमा भएका कार्य प्रगति, समस्या, चुनौती, समाधान सम्बन्धमा लेखापरीक्षणका अनुभवहरूको आदान - प्रदान गरिएको थियो ।

संयुक्त अरब इमिरेट्समा आयोजित एसोसाई अनुसन्धान परियोजनाको बैठकमा सहभागिता


बैठकमा सहभागी निर्देशक श्री सत्यनारायण थापा लगायतका प्रतिनिधिहरू ।

संयुक्त अरब इमिरेट्सको स्टेट अडिट इन्स्टिच्युशनद्वारा २०१९, अक्टोबर २२ र २३ मा आयोजना गरिएको "Asian Organization of Supreme Audit Institutions (ASOSAI) Audit on Implementation of SDGs: Leveraging Digital or Big Data to Achieve SDGs" विषयक बाह्रौं अनुसन्धान परियोजनाको दोश्रो बैठकमा यस कार्यालयका निर्देशक श्री सत्यनारायण थापा सहभागी हुनुभयो । बैठकमा नेपालका साथै चीन, थाइल्याण्ड, भारत, अफगानिस्तान, बंगलादेश, साउदी अरेबिया, भियतनाम, ईन्डोनेशिया, फिलिपिन्स, टर्की, कुवेत लगायतका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

अनुसन्धान परियोजनाको विषय, सोको क्षेत्र तथा सो विषयलाई तीन आयाममा क्रमश: नीति, सूचना व्यवस्थापन र जवाफदेहिता क्षेत्रमा वर्गीकरण गरी अध्ययन विश्लेषण गर्ने भनी प्रथम बैठकमा सैद्धान्तिक सहमति भए अनुरूप यस बैठकमा सो विषय उपर विस्तृत छलफल भएको थियो । यसैगरी दिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ११, १२ र १३ सँग सम्बन्धित राज्यको नीतिका सन्दर्भमा नौ राष्ट्रका सर्वोच्च लेखापरीक्षण संस्थाका प्रतिनिधिले प्रस्तुतीकरण गरेका थिए । सोही सन्दर्भमा निर्देशक श्री सत्य नारायण थापाले नेपालमा जलश्रोतको दिगो व्यवस्थापनका सम्बन्धमा रहेको नीतिका विषयमा प्रस्तुत गर्दै ISSAI100 सँग सम्बन्धित टेम्प्लेटमा सान्दर्भिक सूचना समाहित गरी सो नीति उपर प्रकाश पार्नु भएको थियो ।

बैठकमा दिगो विकास लक्ष्यको लेखापरीक्षणका लागि ISSAI100 सँग सम्बन्धित टेम्प्लेटलाई सहभागीबाट प्राप्त सुझावअनुरूप अद्यावधिक गरी नोभेम्बर १५ सम्म पृष्ठपोषणका लागि पठाइने र प्राप्त हुने सुझावलाई समाहित गरी डिसेम्बर ८ भित्र सो टेम्प्लेटलाई स्वीकृत गरिने कार्यक्रम तय भएको थियो । साथै प्रोजेक्टमा सहभागीले सो टेम्प्लेटसँग सम्बन्धित कार्य सन् २०२० को जनवरी ३१ सम्म सम्पन्न गर्ने र सन् २०२० मा भियतनाममा हुने बैठक पूर्व नै आगामी दिनमा अनुसन्धानका लागि गर्नुपर्ने कामका सन्दर्भमा मस्यौदा प्रतिवेदन जारी गरिने सहमति भएको थियो ।

इजिप्टमा आयोजित राष्ट्रिय मूल्याङ्कन क्षमता अभिवृद्धि सम्मेलनमा सहभागिता



सम्मेलनमा सहभागिता जनाउनुहुँदै नायब-महालेखापरीक्षक श्री विन्दु विष्ट लगायतका सहभागीहरू ।

संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) अन्तर्गत Independent Evaluation Office द्वारा सन् २०१९ अक्टोबर २० देखि २४ सम्म गणतन्त्र इजिप्टमा सञ्चालित National Evaluation Capacities Conference मा कार्यालयका नायब महालेखापरीक्षक श्री विन्दु विष्टले सहभागिता जनाउनुभयो ।

समुद्घाटन समारोहमा गणतन्त्र इजिप्टका प्रधानमन्त्री डा.मुस्ताफा मेडवौलीले कार्यक्रम सफलताको शुभकामना दिनुभएको थियो । दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि मुलुकको मूल्याङ्कन क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने उद्देश्यका साथ आयोजित सो कार्यक्रमलाई कार्यशाला गोष्ठी र सेमिनार गरी दुई चरणमा विभाजन गरिएको थियो । नायब महालेखापरीक्षक श्री विष्टले Knowledge Brokers Game Based Workshop / Demystifying Private Sector Evaluations विषयक सत्रमा सहभागिता जनाउनुभएको उक्त कार्यक्रममा "Strenghening National Evaluation System to Support the SDGs Experience from Asia- Pacific" विषयमा नेपाल, बंगलादेश, मंगोलिया, चीन, म्यान्मार लगायतका विभिन्न देशबाट कार्यपत्र प्रस्तुत गरिएको थियो । मूल्याङ्कन प्रणाली सुदृढीकरण गर्न सरकार, निजी क्षेत्र, गैरसरकारी संस्था, विकासका साझेदारहरूको संयुक्त प्रतिबद्धता र प्रयासबाट मात्र दिगो विकासका लक्ष्यहरू हासिल हुन सक्ने निष्कर्ष सहित कार्यक्रमको समापन भएको थियो ।

२०७६ कार्तिकदेखि पौषसम्म रमाना भई आएका कर्मचारी

क्र.सं.	पद	कर्मचारी	रमाना भई आएको मिति	कैफियत
१.	कम्प्युटर अधिकृत	श्री दीपक पौडेल	२०७६।०७।०४	
२.	कम्प्युटर अधिकृत	श्री सुवास अधिकारी	२०७६।०९।०१	

२०७६ कार्तिकदेखि पौषसम्म अवकाशप्राप्त कर्मचारी

क्र.सं.	पद	कर्मचारी	सुरु नियुक्ति मिति	अवकास मिति	कैफियत
१.	नायब महालेखापरीक्षक	श्री श्यामप्रसाद अर्याल	२०३८।१०।२०	२०७६।०९।२०	अनिवार्य अवकाश
२.	लेखापरीक्षण अधिकारी	श्री तीर्थचन्द्र मानन्धर	२०३७।०९।१९	२०७६।०९।१८	अनिवार्य अवकाश
३.	लेखापरीक्षण अधिकारी	श्री जीतबहादुर श्रेष्ठ	२०३७।१०।०६	२०७६।०९।१८	अनिवार्य अवकाश
४.	लेखापरीक्षण अधिकारी	श्री कमलाकुमारी कार्की	२०४५।०९।२१	२०७६।०७।१६	अनिवार्य अवकाश
५.	कार्यालय सहयोगी	श्री केशवनाथ आचार्य	२०४३।१०।२३	२०७६।०८।०१	राजीनामा

२०७६ कार्तिकदेखि पौषसम्म अन्तर्राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता

क्र.सं.	पद	सहभागी कर्मचारी	कार्यक्रम	राष्ट्र	अवधि
१.	श्री घनश्याम पराजुली	निर्देशक	Seminar on Government Financial Record and Audit System For Nepal	जनवादी गणतन्त्र चीन	२०७६ मंसिर १९ - पुष २
२.	श्री बुद्धिराज बसेल	निर्देशक			
३.	श्री ध्रुव न्यौपाने	लेखापरीक्षण अधिकारी			
४.	श्री लुमविक्रम शाह	लेखापरीक्षण अधिकारी			
५.	श्री गीता भट्टराई	लेखापरीक्षण अधिकारी			
६.	श्री त्रिलोचन आचार्य	नायब महालेखापरीक्षक	Seminar of the SAIs of the Participating States of Sanghai Cooperation Organization (SAI SCO)	जनवादी गणतन्त्र चीन	२०७६ कार्तिक १२ - १४
७.	श्री बैकुण्ठबहादुर अधिकारी	नायब महालेखापरीक्षक	Regional Financial Management Forum	बंगलादेश	२०७६ कार्तिक १९ र २०
८.	श्री महेश्वर काफ्ले	नायब महालेखापरीक्षक	The Belt and Road National Accounting Standards Cooperation Forum	जनवादी गणतन्त्र चीन	२०७६ कार्तिक २१ र २२
९.	श्री विन्दु विष्ट	नायब महालेखापरीक्षक	National Evaluation Capacities Conference	इजिप्ट	२०७६ कार्तिक ३ - ७
१०.	श्री सत्यनारायण थापा	निर्देशक	12th ASOSAI Research Project (Audit On Implementation of SDGs	संयुक्त अरब इमिरेट्स	२०७६ कार्तिक ५ र ६

२०७६ कार्तिकदेखि पौषसम्म राष्ट्रिय तालिम तथा कार्यक्रममा सहभागिता

सि.नं	पद	सहभागी कर्मचारी	कार्यक्रम	आयोजक	अवधि
१.	श्री पदमराज पौडेल	नायब महालेखापरीक्षक	आन्तरिक लेखापरीक्षण प्रभावकारिता अभिवृद्धि	महालेखा नियन्त्रक कार्यालय	२०७६ कार्तिक ८
२.	श्री श्रीकुमार राई	नायब महालेखापरीक्षक			
३.	श्री बैकुण्ठबहादुर अधिकारी	नायब महालेखापरीक्षक			
४.	श्री घनश्याम पराजुली	निर्देशक			
५.	श्री नेत्रकुमार खत्री	निर्देशक			

६.	श्री जगन्नाथ न्यौपाने	निर्देशक	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६ कार्तिक १८ - मंसिर २४
७.	श्री ध्रुवराज भुसाल	निर्देशक			
८.	श्री प्रेम बहादुर मुङमेन	निर्देशक			
९.	श्री कमलप्रसाद सिलवाल	निर्देशक	PEFA Training Event	विश्व बैंक	२०७६ कार्तिक २६ र २७
१०.	श्री हुमनाथ सुबेदी	निर्देशक			
११.	श्री चन्द्रकान्त भण्डारी	निर्देशक	युनिसेफको सहयोगमा सञ्चालित स्वास्थ्य सम्बन्धी परियोजनाको लेखापरीक्षणबारे अन्तर्क्रिया कार्यक्रम	युनिसेफ नेपाल	२०७६ मंसिर २
१२.	श्री मोहनकुमार पराजुली	निर्देशक			
१३.	श्री कृष्णप्रसाद भट्टराई	निर्देशक			
१४.	श्री ताराकुमार सुबेदी	निर्देशक			
१५.	श्री नृपराज जोशी	लेखापरीक्षण अधिकारी			
१६.	श्री नीलकण्ठ चापागाईं	लेखापरीक्षण अधिकारी			
१७.	श्री जय बहादुर बि.क.	लेखापरीक्षण अधीक्षक	सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी सेवाकालीन तालिम	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७६ मंसिर ६ - पौष १३
१८.	श्री लक्ष्मी पन्थी	लेखापरीक्षण अधीक्षक			
१९.	श्री सन्तोष ढकाल	लेखापरीक्षण अधीक्षक			
२०.	श्री संगीता शर्मा	लेखापरीक्षण अधीक्षक			
२१.	श्री रामबाबु पन्त	लेखापरीक्षण अधिकारी	Professional Course on Management & Development	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द	२०७६ पौष २ - माघ १४
२२.	श्री त्रिलोचन आचार्य	नायब महालेखापरीक्षक	Professional Integrity for Combating Corruption & Fraud	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था	२०७६ पौष ६
२३.	श्री पदमराज पौडेल	नायब महालेखापरीक्षक			
२४.	श्री दामोदर पुडासैनी	नायब महालेखापरीक्षक			
२५.	श्री श्रीकुमार राई	नायब महालेखापरीक्षक			
२६.	श्री नेत्र प्रसाद पौडेल	निर्देशक			
२७.	श्री उपेन्द्रकेशर खनाल	उपसचिव (कानून)			

महालेखापरीक्षकको कार्यालय

बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ र अन्य प्रचलित कानूनले तोके बमोजिमका निकायहरूको लेखापरीक्षण गर्न संघ, प्रदेश र स्थानीय तह अन्तर्गत तेस्रो तथा अन्तिम चरणको लेखापरीक्षण कार्य सञ्चालन भइरहेको छ।

यस सन्दर्भमा सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न/परीक्षण गर्न सकिने हुँदा उल्लिखित विषयमा कुनै जानकारी भएमा सम्बन्धित स्थलगत लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराइदिनु हुन अनुरोध गरिन्छ। साथै यस कार्यालयबाट सम्पादन हुने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव, सल्लाह एवं गुनासा भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्यमूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गर्न सहयोग पुऱ्याउनहुन समेत सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना:

महालेखापरीक्षकको कार्यालय, बबरमहल, काठमाडौं।
पोष्ट बक्स नं.: १३३२८
फोन नं. : ०१-४२५८१७४, ४२६६०३४, ४२५५७०७, फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल : oagnep@ntc.net.np, info@oag.gov.np, वेभसाइट : www.oagnep.gov.np